# राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

रामशाहपथ, काठमाण्डौं

## चमेना गृह सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना।

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, प्रधान कार्यालय परिसरभित्र चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनि/व्यक्तिहरुले खाना, खाजाको शिलबन्दी दररेट तथा यो भन्दा पहिले गरेको कार्य अनुभवको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ। अन्य विस्तृत जानकारीका लागि कम्पनीको जनशक्ति व्यवस्थापन विभाग (सामान्य सेवा) मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं। यस सम्बन्धी सूचनाको विस्तृत विवरण कम्पनीको **Website**(www.rbs.gov.np) मा राखिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

जनशक्ति व्यवस्थापन विभाग (सामान्य सेवा)
फोन नं. ०१-५३६२५२० (Extn. ३१५, ३१६)

## राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

# चमेना गृह सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०३।०९ गते)

१. **प्रस्तावको आह्वान:** यस राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, प्रधान कार्यालयमा कार्यरत कर्मचारी, अभिकर्ता तथा सेवाग्राहीहरूलाई स्वच्छ, गुणस्तरीय र सुलभ दररेटमा खाजा/खाना उपलब्ध गराउन चमेना गृह सञ्चालन गर्नु पर्ने भएकोले प्रचलित कानुनको अधीनमा रही इच्छुक योग्य र इजाजतप्राप्त फर्म, संस्था वा कम्पनीहरूबाट रितपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

२. **दरभाउपत्र फाराम प्राप्त गर्ने विधि:** इच्छुक योग्य दरभाउपत्रदाताले नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण, प्यान/भ्याट दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समावेश गरी यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको खाता नं. ००११५२७८७१८ मा दरभाउपत्र फाराम दस्तुर वापत रु. २,०००/- (अक्षरेपी रुपैयाँ दुई हजार मात्र) (फिर्ता नहुने गरी) नगद जम्मा गरेको सक्कल बैंक भौचरसहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र जनशक्ति व्यवस्थापन विभाग (सामान्य सेवा) बाट खरिद गर्न सक्नेछन्।

३. **दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय:** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजेभित्र।

४. **खोल्ने मिति र समय:** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो २:०० बजे, यसै प्रधान कार्यालयमा दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा (उपस्थित नभए पनि) दरभाउपत्र खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा उल्लेखित कार्य सम्पन्न गरिनेछ।

५. **दरभाउपत्रदाताले पालना गर्नु पर्ने मुख्य शर्तहरू**

   ५.१ **दररेट सम्बन्धी व्यवस्था:** दरभाउपत्रदाताले प्रस्ताव फारामको 'मूल्य सूची र परिमाण तालिका' मा आफूले कबोल गरेको एकाई दररेट तथा कुल रकम स्पष्ट रूपमा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा लेखिएको दररेटमा भिन्नता वा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई नै आधिकारिक मानी कुल रकम कायम गरिनेछ।

Scanned with CamScanner

५.२ **सहीछाप सम्बन्धी व्यवस्था:** प्रस्तुत शिलबन्दी दरभाउपत्रको फाराम तथा संलग्न कागजातहरूको प्रत्येक पानामा दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रितपूर्वकको दस्तखत र फर्म/कम्पनीको छाप अनिवार्य हुनुपर्नेछ।

५.३ **दरभाउपत्र स्वीकृत वा रद्द गर्ने अधिकार:** दर्ता भएका शिलबन्दी दरभाउपत्रहरू आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा कुनै कारण जनाई वा नजनाई यो सम्पूर्ण खरिद प्रक्रिया वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार प्रचलित कानुनको परिधिभित्र रही यस राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा सुरक्षित रहनेछ।

५.४ **थप जानकारी सम्बन्धी व्यवस्था:** यस दरभाउपत्र खरिद प्रक्रिया सम्बन्धी अन्य थप विस्तृत जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस कम्पनीको फोन नं. ०१-५३६२५२० (Extn. ३१५, ३१६) जनशक्ति व्यवस्थापन विभाग (सामान्य सेवा) मा सम्पर्क गरी बुझ्न सकिनेछ।

Scanned with CamScanner